# सङ्घर्षशील युगपुरुष भगत सर्वजित विश्वकर्मा

ऐतिहासिक परिघटनाले साहित्यकार गोपालप्रसाद रिमालको यो रचना
खण्ड सम्झाइ रहन्छ ।
'एक जुगमा एक दिन एकचोटी आउँछ
उलट-पुलट, उथल-पुथल, हेरफेर ल्याउँछ
लाटा-सुधा बोल्न थाल्छन्,
चल्छ ओठ दुःखको
सहे भनि सम्झिएका ईख फेर्न उठ्छन्'

त्यस्तै ईख फेर्न जागेका युग पुरुष हुन् भगत सर्वजित विस्वकर्मा । त्यस्तै उलट-पुलट, उथल-पुथल, हेरफेर ल्याउने पहिलो दुःखको ओठ चलेको दलित आन्दोलन हो बाग्लुङको छुवाछूत विरोधी संघर्ष । त्यस्तै एक जुगमा एकपटक करोडौंमा एक जन्मने दलित समुदायका ऐतिहासिक व्यक्ि हुन् सर्वजित विश्वकर्मा जसले भुइँफुट्टाको रूपमा शिक्षित बनेर साङ्गठनिक संघर्ष गरे । उस्तै उस्तै अर्का ऐतिहासिक दलित नेता रूपलाल विश्वकर्माले उक्त आन्दोलन बारे उत्खनन गर्न चासो राखेर हामीलाई उत्प्रेरणा नदिएको भए भगत सर्वजित विश्कर्माको संघर्षमय जीवन गाथा अझै कति समयसम्म गर्भमा बस्थ्यो होला । उक्त जीवन गाथालाई मूर्त रूप दिने र उजागर गर्ने कार्यमा भएको रूपलाल विश्वकर्माको देन स्मरण योग्य छ । भगत सर्वजित विश्कर्माका जीवित सहयोद्धाहरू, राजनीतिक दलका नेताहरू, सामाजिक संस्थाका प्रमुखहरू र गैर दलित वा दलित बुद्धिजीवीहरू तथा साहित्यकार एवं पत्रकारहरू समेतले भगत सर्वजित विश्कर्माको नेतृत्वमा भएको उक्त जातीय असमानता विरोधी ऐतिहासिक संघर्षलाई सरोकारको विषय बनाए । तव न उक्त तत्कालीन सामन्ती सत्ता विरुद्धको बिद्रोहलाई जति पछिभयो उति महत्त्वका साथ हेरिँदैछ । त्यो आन्दोलन सबैको उत्प्रेरणाको स्रोत बनिरहेको छ । सर्वजितले स्थापना गरेको विश्व सर्वजन सङ्घ २००३ समग्र नेपाली दलित आन्दोलनको जग सङ्गठनको रूपमा समेत स्थापित हुन पुगेको छ । हिन्दु धर्म र संस्कारको हवालादिएर सिङ्गो मानव जातिप्रति गरिएको जातीय उत्पीडन विरोधी संघर्ष भएको हुनाले त्यतिबेलाको बाग्लुङ बिद्रोहलाई अझै उत्खनन गरेर विश्वब्यापी बनाउन जरुरी छ । अमेरिकाकी रोजा पार्क्सले सन् १९५५ मा आफूले यात्रा गरेको बसको अश्वेत आरक्षित सिटमा गोरालाई छाड्न इन्कारेर गरेको विद्रोह विश्वब्यापी भयो । बसमा श्वेत र अश्वेतका निम्ति अलग सिट भएपनि गोरा उँभिएको देखेपछि उठिदिन पर्ने परंपरा अस्वीकार गर्दै आफ्नो सिट छाड्न नमानेपछि चालकले रोजालाई हकायो । ऊनी आफ्नो अधिकारमा अडिक रहेकी थिइन । त्यसबापत ऊनीले प्रहरी हिरासद, मुद्धा मामला जस्ता घोर प्रताडना बेहोर्न परे तापनि रोजा एकरत्ति झुकिनन् । मानवीय अधिकार हनन् भएको भन्दै पूरै अमेरिकाका अश्वेतहरूले ३८९ दिनसम्म सार्वजनिक बस बहिस्कार आन्दोलन चलाए । उनीको साहसिक विद्रोहले रङ्गभेद विरोधि आन्दोलनलाई राष्ट्रब्यापी बनाइ दियो । अश्वेत आन्दोलनका नेता मार्टिन लुथर किङले उक्त विद्रोहलाई

रङ्गभेद आन्दोलनको मुख्य एजेण्डा बनाए । रोजालाई टाइम्स पत्रिकाले बीसौं सताब्दिकी प्रभावशाली महिला भनेर छाप्यो । पछि स्वयम राष्ट्रपति बिल क्लिन्टनले 'प्रेजीडेन्टल मेडल अफ फ्रीडम' उपाधिबाट सम्मान गरे । हालै राष्ट्रपति ओबामाको पहलमा 'ह्वाइट हाउस नजिकै ठूलो अफ्रिकी अमेरिकन म्युजियम बनेको छ । त्यसमा रोजा लुइस पार्क्सले बिद्रोह गरेको बस र उनले सिट नछाडेर बसेको सालिक बनाएर प्रदर्शनिमा राखिएको छ ।

भारतका डा. भिमराव अम्बेडकर, बाबू जगजीवन राम जस्ता संघर्षशील दलित नेताहरूका पनि डिल्ली लगायत बिभिन्न सहरमा ठूलाठूला सालिकहरू रहेको पार्क भवन र सङ्ग्राहलय आदि बनेका छन् । यसरी विभिन्न राष्ट्रमा जातिभेद रङ्गभेद विरोधी संघर्ष गरेका ब्यक्तित्वहरूको सम्मानको तुलनामा भगत सर्वजित विश्वकर्माको बारेमा अझै धेरै कार्य गर्न बाँकी छ भन्ने हामीलाई लागेकोछ।

सर्वजित विश्वकर्माको जीबनी तथा बाग्लुङको दलित आन्दोलनलाई कृतिकरण गर्दा मूलसार - यथार्थ एउटै भएपनि परिवेश फरक हुनाले सोही परिवेश अनुसार प्रस्तुत गरिएको छ । प्रथम प्रकाशन 'नेपालमा अछूत जातीय संघर्षको इतिहास ( केही योद्धाहरूको परिचय) २०३८ प्रकाशित हुँदा पञ्चायती